# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २८ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदी बिम्स्टेकको छैटौँ शिखर सम्मेलनमा भाग लिन थाइल्याण्डको दुई दिवशीय भ्रमणमा आगामी ३ अप्रेल ब्यांकक जानुहुनेछ ।

- सरकारले इलेक्ट्रोनिक्स घटक बिनिर्माण योजनालाई स्वीकृति दिएको छ।

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सभाका मुख्य कार्यपाल अनित थापाले आज रेलिङ कैजेले समष्टिमा विभिन्न परियोजनाहरुको शिलान्यास गर्नुभएको छ ।

- २१ मार्च देखि अचल रहेको सांगमा -टर्जम चियाबारी आगामी २९ मार्च देखि खोलिने भएको छ ।

- मिरिकमा आगामी ३० मार्चको दिन अन्तर्राष्ट्रिय साहित्य संगम काब्योत्सव सम्पन्न हुने भएको छ ।

## प्रधान मंत्री -थाईल्याण्ड

प्रधानमन्त्री नरेन्द्र मोदी बिम्स्टेकको छैटौँ शिखर सम्मेलनमा भाग लिन थाइल्याण्डको दुई दिवशीय भ्रमणमा आगामी ३ अप्रेल ब्यांकक जानुहुनेछ । नयाँ दिल्लीमा आज अपराह्न पत्रकारहरुलाई जानकारी दिँनुहुदै सचिव (पूर्व) जयदीप मजुमदारले प्रधानमन्त्रीश्री नरेन्द्र मोदीको थाइल्याण्डको यो तेस्रो भ्रमण हुने बताउनु भएको छ । बर्ष २०१९ को नोभेम्बरमा थाइल्यान्डले आयोजना गरेको आसियान र पूर्वी एसिया शिखर सम्मेलनमा श्री मोदी सहभागी हुनु भएको थियो । यसअघि बर्ष २०१६ को नोभेम्बरमा स्वर्गीय राजा रामा नवम प्रति श्रद्धाञ्जलि अर्पण गर्न बैंकक पुग्नु भएको थियो । सचिव (पूर्व) श्री मजुमदारले भारत र थाइल्याण्डबीच ऐतिहासिक रुपमा न्यानो द्विपक्षीय सम्बन्ध, साझा सभ्यतागत, सांस्कृतिक र धार्मिक सम्बन्ध रहेको बताउनु भएको छ । थाइल्याण्ड भारतको सामुद्रिक छिमेकी, एक्ट इस्ट नीति र हिन्द प्रशान्तका लागि भिजनमा बहुमूल्य साझेदार र बिमस्टेकको उच्च मूल्यवान साझेदार भएको उहाँले बताउनु भएको छ । उहाँले भन्नुभएको छ -थाइल्याण्ड आसियानको तेस्रो ठूलो अर्थव्यवस्था हो र आसियान क्षेत्रमा सिंगापुर, इन्डोनेसिया र मलेसियापछि भारतको चौथो ठूलो व्यापारिक साझेदार हो।

****** ० ******

## प्रधानमन्त्री - महाराष्ट्र र छत्तीसगढ भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी ३० तारिख महाराष्ट्र र छत्तीसगढको भ्रमण गर्नुहुनेछ । महाराष्ट्र भ्रमणको क्रममा प्रधानमन्त्री श्री मोदीले नागपुरको भ्रमण गरी स्मृति मन्दिरको दर्शन गर्नुका साथै दीक्षाभूमिको भ्रमण गर्नुहुनेछ। त्यसपछि उहाँले नागपुरमा माधव नेत्रालय प्रिमियम सेन्टरको शिलान्यास गर्नुका साथै जनसभालाई सम्बोधन गर्नुहुनेछ । श्री मोदीले सौर्य रक्षा अनि एरोस्पेस लिमिटेडमा यु.ए.भी.का लागि लोइटरिङ म्युनिशन टेस्टिङ रेन्ज र रनवे सुविधाको पनि उद्घाटन गर्नुहुनेछ। महाराष्ट्र भ्रमणपछि प्रधानमन्त्री श्री मोदीले छत्तीसगढको बिलासपुरको भ्रमण गर्नुहुनेछ र ३३ हजार करोड रुपियाँ भन्दा अधिकका विभिन्न विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ।

****** ० ******

## केंद्रीय इलेक्ट्रॉनिकी और सूचना प्रौद्योगिकी मंत्री

केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रोध्यौगिकी मन्त्री अश्विनी वैष्णवले साइबर आक्रमणबाट महत्वपूर्ण बुनियादी ढाचा र व्यक्तिगत डेटाको सुरक्षाका लागि सरकारले विभिन्न कदम चालेको बताउनु भएको छ । राज्यसभामा आज एक प्रश्नको जवाफ दिनुहुदै श्री वैष्णवले साइबर अपराधविरुद्ध जनतामा जागरुकता फैलाउन सरकारले व्यापक कानुनी र तकनिकी उपायहरू

अपनाएको बताउनु भएको छ। उहाँले डिजिटल पर्सनल डेटा प्रोटेक्सन एक्ट पनि पारित भएको र यसले राम्रो नतिजा देखाइरहेको बताउनु भएको छ । श्री वैष्णवले साइबर अपराधका मुद्दालाई सम्बोधन गर्न सूचना प्रविधि ऐनका प्रावधानलाई पनि मजबुत बनाइएको बताउनु भएको छ ।

****** ० ******

**स्वास्थ्यमन्त्री जेपी नड्डा- आयुष्मान भारत**

स्वास्थ्यमन्त्री जेपी नड्डाले आयुष्मान भारत–प्रधानमन्त्री जन आरोग्य योजना अन्तर्गत यस वर्षको १ मार्च सम्ममा १.२६ लाख करोड रुपियाँ बराबरको ८ करोड ९ लाख भन्दा अधिक अस्पताल भर्नालाई अनुमति दिइएको बताउनु भएको छ। लोकसभामा एक प्रश्नको जवाफ दिँनुहुदै श्री नड्डाले आशा कार्यकर्ताका लागि १० लाखभन्दा अधिक आयुष्मान कार्ड र आंगनवाडी कार्यकर्ताका लागि १४ लाख ४७ हजार कार्ड बनाइएको बताउनु भएको छ । उहाँ अनुसार, १३ हजार ८सय ६६ निजी अस्पताल र १७ हजार ९१ सरकारी अस्पताल गरी कुल ३० हजार ९ सय ५७ अस्पतालहरुलाई यो योजनामा सूचीकृत गरिएको छ। बर्ष २०२४-२५ का लागि एबी-पीएमजेएवाई अन्तर्गत ३४ हजार ९५४ करोड रुपियाँ बराबरको २ करोड़ २१ लाख भन्दा अधिक अस्पताल भर्नालाई अनुमति दिइएको उहाँले जानकारी दिनु भएको छ।

****** ० ******

**सरकार- इलेक्ट्रोनिक्स घटक बिनिर्माण योजना**

सरकारले इलेक्ट्रोनिक्स घटक बिनिर्माण योजनालाई स्वीकृति दिएको छ, जसले देशमा इलेक्ट्रोनिक सामानको उत्पादनलाई बढावा दिन र इलेक्ट्रोनिक्स आपूर्ति श्रृंखलालाई मजबुत बनाउन मद्दत गर्दछ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले नयाँ दिल्लीमा पत्रकारसँग बातचित गर्नुहुदै विगत १० वर्षमा इलेक्ट्रोनिक्स क्षेत्रमा उल्लेख्य वृद्धि भएको बताउनु भएको छ । उहाँले भन्नुभएको छ , 'इलेक्ट्रोनिक्स उत्पादन १७ प्रतिशत वृद्धि वार्षिक वृद्धिदरका साथ पाँच गुणा बढेको छ भने इलेक्ट्रोनिक निर्यातमा २० प्रतिशतको वार्षिक वृद्धिदर देखिएको छ। उहाँले इलेक्ट्रोनिक्स उत्पादनले विगत १० वर्षमा देशमा २५ लाख रोजगार सिर्जना गरेको बताउनु भएको छ । इलेक्ट्रोनिक्स घटक बिनिर्माण योजनाका लागि २२ हजार करोड रुपियाँ भन्दा अधिकको कोष उपलब्ध गराइने छ। यसले ९१ हजारभन्दा अधिकको प्रत्यक्ष रोजगार सिर्जना गर्नेछ भने धैरैले अप्रत्यक्ष रुपमा रोजगार पाउनेछन्।

****** ० ******

**नीति आयोग- त्रैमासिक प्रतिवेदन**

नीति आयोगका सदस्य अरविन्द विरमानीले आज नयाँ दिल्लीमा नीति आयोग ट्रेड वाच त्रैमासिक प्रतिवेदन को विमोचन गर्नुभयो। वित्त वर्ष २०२५ को जुलाईदेखि सेप्टेम्बरसम्मको दोस्रो त्रैमासिकको त्रैमासिक प्रतिवेदन प्रकाशित भएको छ। बर्ष २०२३ को सोही अवधिको तुलनामा बर्ष २०२४ को अप्रिल देखि सेप्टेम्बरमा भारतको कुल व्यापार ५.६७ प्रतिशतले वृद्धि भएको छ भने निर्यात ५.२३ प्रतिशतले बढेको छ साथै आयात ६.०७ प्रतिशतले वृद्धि भएको छ। प्रतिवेदनमा भनिएको छ, देशको वस्तु निर्यात स्थिर रहेको छ, विगत ६ महिनामा प्रति महिना औसत ३५.४ अर्ब डलरको छ, जबकि अगस्टमा वृद्धि बाहेक आयात औसतमा ५७.८ अर्ब डलर रहेको छ। प्रतिवेदनमा भारत वैश्विक कपडा निर्यातमा छैटौं स्थानमा रहेको उल्लेख गरिएको छ।

****** ० ******

**केन्द्र सरकार -चाना**

केन्द्र सरकारले आगामी 1 अप्रेलदेखि देशी चानामा 10 प्रतिशत आयात शुल्क लगाउने निर्णय लिएको छ। यस निर्णयबाट घरेलु आपूर्ति बढ़ाउन तथा मूल्य नियन्त्रण गर्नको लागि गत वर्षको मई महिना देखि लागू गरिएको शुल्क मुक्त आयात नीति समाप्त हुनेछ।वित्त मन्त्रालयद्वारा गत् 27 मार्चमा जारी अधिसूचना अनुसार आगामी 1 अप्रेलदेखि चनाको आयातमाथि 10 प्रतिशत शुल्क लाग्नेछ।

****** ० ******

**अनित थापा-सडक परियोजना शिलान्यास**

रेलिङ कैजेले समष्टि अन्तर्गत रेलिङ खेल मैदानमा आज एक कार्यक्रम बीच गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सभाका मुख्य कार्यपाल अनित थापाले विभिन्न सडक परियोजनाहरुको शिलान्यास गर्नुभयो ।नयाँ सडक निर्माण अन्तर्गत १०१-

बिजनबारीदेखि लोधोमा हुँदै कैंजले सम्मको १७.४२० किलोमिटर लामो सडक निर्माण अनि मेला ७-बिजनबारीदेखि बिहिबारे हुँदै मानेभञ्ज्याङसम्मको ११.१३५ किलोमिटर लामो सडक निर्माण मुख्य रहेको छ। वर्षाले क्षति पुर्याइएको सडकहरूको मर्मती कार्यहरू पनि यस परियोजनामा समावेश गरिएको जानकारी प्राप्त भएको छ ।

****** ० ******

**सांगमा - टर्जम चियाबारी -खोलिने**

बिगत २१ मार्च देखि बन्द रहेको सांगमा -टर्जम चियाबारी आगामी २९ मार्च देखि खोलिने भएको छ । आज सिलगडी स्थित श्रमिक भवनमा अतिरिक्त श्रम आयुक्त उत्तर बङ्गाल जोन ,सांगमा टर्जम चियाबारीका प्रबन्धन पक्ष , जीटिए अध्यक्ष अन्जुल चौहान ,सभासद भुपेन्द्र बम्जन ,श्रमिक संगठनका प्रतिनिधिहरु लगायत चिया श्रमिकहरुले भाग लिएका बैठक ले बगान खोल्ने निर्णय लिएको छ । बैठकले बगान खोल्ने निर्णय लिईदै आगामी दिनहरुमा बगानलाई सुचारु संचालन गर्न कर्म संस्कृति माथी बिशेष ध्यान दिइने प्रस्ताव लिइएको जानकारी प्राप्त भएको छ ।

****** ० ******

**मिरिक -काब्योत्सव**

मिरिकमा आगामी ३० मार्चको दिन अन्तर्राष्ट्रिय साहित्य संगम काब्योत्सव सम्पन्न्हुने भएको छ । साहित्य सुनौ परिवार , अगम सिह गिरि साहित्य प्रतिष्ठान एव इबरा साहित्य प्रतिष्ठान मिरिकको संयुक्त आयोजनामा मिरिक भूतपूर्व सैनिक भवनमा हुने यस साहित्यिक कार्यक्रममा नेपाल, सिक्किम लगायत ,दार्जीलिंगका साहित्यकारहरुले भाग लिने जानकारी प्राप्त भएको छ ।

****** ० ******

**दार्जीलिंग - अखिल भारतीय मध्यदेशिय वैश्य सभा**

अखिल भारतीय मध्यदेशिय वैश्य सभाको राष्ट्रीय महिला समितिको प्रथम महिला कार्यकारिणी सभा आगामी ३० मार्चको दिन गोर्खा रङ्गमञ्च भवन दार्जीलिङमा हुने भएको छ । आज दार्जीलिंगमा पत्रकारहरुलाई जानकारी दिनुहुदै महिला समितिको पस्चिम बङ्गाल राज्य समिति अध्यक्ष अर्चना गुप्ताले उक्त सभामा महिला सशक्तिकारण बारे बिशेष चर्चा गरिने तथा यस कार्यक्रममा दार्जीलिंग पहाडका मानिसहरुलाई निमन्त्रणा गरिएको जानकारी दिनुभएको छ ।

****** ० ******

**मिरिक -महकमा अधिकारी -मौरी पालन -सभा**

मिरिक महकुमा अधिकारी को उपस्थितिमा आज महकुमा कार्यालयको प्रेक्षागृहमा क्षेत्रका मौरी पालकहरुलाई एक सभा सम्पन्न भयो । उक्त सभामा बुंगकुलुंग हनी एण्ड एग्रो प्रोसेसिङ ईणडसटरीयल को-अपरेटिभ सोसाइटी लिमिटेडको पदाधिकारीहरु एव तराई को चेंगा पानीघटटा ग्राम पंचायत क्षेत्रबाट प्रतिनिधिहरुले भाग लिएका थिए । सभामा सरकारी मान्यता प्राप्त को- अपरेटिभ सोसाईटी हरूलाई विभिन्न प्रशिक्षार्थीहरू सहभागी गराई मौरी पालन सम्बन्ध मा सैधान्तिक एव व्यवहारिक प्रशिक्षण प्रदान गरिने बिषय चर्चा भएको जानकारी सोसाईटीका एन० बी० लिम्बू ले दिनुभएको छ ।

**आरजी कर-सीबीआई**

आरजी कर मेडिकल कलेजमा भएको दुष्कर्म औ हत्या मामिलाको जाँच गरिरहेको सीबीआईले आज सियालदह न्यायालयमा तीन पृष्ठको 'स्टेटस रिपोर्ट' पेश गर्‍यो। सूत्र अनुसार जाँच एजेन्सीको नजर तीनवटा संदिग्ध कल डिटेल्समा परेको छ जबकि अहिलेसम्ममा धैरैजना मानिसहरूको बयान पनि दर्ता गरिसकिएको छ।सीबीआईले मामिलाको नयाँ प्रकारले जाँच गरिरहेको न्यायालयलाई बताएको छ जस अन्तर्गत केही महत्वपूर्ण जानकारीहरू जुटाइएको छ। सूत्र मुताविक, सीबीआईले अस्पतालका केही भागहरूको सीसीटीभी फुटेजको विश्लेषण गरेको छ। रिपोर्ट अनुसार, अहिले सम्ममा थप 24 जना मानिसहरूको बयान दर्ता गरिसकिएको छ भने अस्पतालका अन्य भागहरूको सीसीटीभी फुटेजलाई पनि एकत्र गर्रिँदैछ।

****** ० ******

**सिलगढ़ी- फूटबलर अर्नव छेत्री**

सिलगढ़ीका 14 वर्षीय फूटबलर अर्नव छेत्री ले अण्डर-15 यूथ आई-लीगमा खेल्ने मौका पाएका छन्। यस प्रतिष्ठित टुर्नामेण्टमा उनले युनाइटेड स्पोर्टिंग क्लब कलकत्ताको प्रतिनिधित्व गर्नेछन्। फूलबारी खोप्रेल निवासी रितु छेत्रीका पुत्र अर्नव ले फूटबल खेलको कौशल तरुणजाबारी लीजेण्ड्स फूटबल एकाडमीबाट हासिल गरेका हुन् । कोच अदीप राई र म्यानेजर सुलब शर्माको मार्गदर्शनमा प्रशिक्षण हासिल गर्ने अर्नव अहिले नयाँ चुनौतीहरूको सामना गर्न तयार रहेका छन्।